फोन नं.: ०३७-५२०७११
मो.नं.: ९८५२८४१७११
९८५२८२८०३०
E-mail: pmamp.piu.ok@gmail.com

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधूनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन एकाइ

ओखलढुंगा
(कार्यक्षेत्र:- ओखलढुंगा र सोलुखुम्बु)

## उच्च घनत्वमा लगाउने स्याउ विरुवा आपूर्तिकर्ताहरुलाई सूचीकृत हुनेबारे सूचना

सूचना प्रकाशित मिति : २०८१/०८/२८

प्रस्तुत बिषयमा उच्च घनत्वको स्याउ बगैचा स्थापना कार्यक्रम सञ्चालन मापदण्ड २०७८ बमोजिम प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, ओखलढुङ्गाको चालु आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार उच्च घनत्वको स्याउ बगैचा स्थापनाका लागि ५०% अनुदानमा अधिकतम ८३० स्याउ विरुवा सोलुखुम्बु जिल्लामा वितरण गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक आधिकारिक रुपमा दर्ता भएका फलफूल बिरुवा आपूर्तिकर्ताहरुले कार्यालयले स्वीकृत गरेको Technical Specification भएका बिरुवाहरुको जात, सरदर मूल्य र परिमाण सहितको सिलबन्दी विवरण यो सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात् मिति २०८१/०९/१२ गतेभित्र तपसिल बमोजिमका कागजात सहित परियोजना कार्यान्वयन एकाइ, ओखलढुङ्गामा सूचीकृत गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। आपूर्तिकर्ताले बिरुवा आयात गर्दाका बखत बिरुवा आयात अनुमति पत्र स्वयंले प्राप्त गरेको हुनुपर्ने छ। साथै बिरुवाको जात, Specification र अन्य फारमहरु यस कार्यालयको **Website: https://piuokhaldhunga.pmamp.gov.np** बाट लिन सकिनेछ ।

आवश्यक कागजातहरु:

१. संस्था, स्थायी लेखा नम्बर दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपी।
२. गत आ.व. को कर चुक्ता प्रमाणको प्रतिलिपी।
३. बिगतका बर्षहरुमा बिरुवा आयात गरेको प्रमाण, बिरुवाको श्रोत तथा अनुभव सम्बन्धी कागजात (भएमा)
४. संस्थाको बिगत तीन बर्ष देखिको Balance Sheet, Income statement, Average annual turnover etc.

२०८१/०८/२८

हेम बहादुर आले मगर
निमित्त बरिष्ठ कृषि अधिकृत

मिति

श्रीमान् वरिष्ठ कृषि अधिकृतज्यू
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, ओखलढुङ्गा ।

विषयः आर्थिक प्रस्ताव पेश गरेको बारे ।

उपरोक्त विषयमा त्यस एकाइबाट मिति..............................गते प्रकाशित सूचना अनुसार **उच्च घनत्वको स्याउ बगैचा तथा ओखर बगैचा स्थापना** कार्यक्रम अन्तर्गत ५०% अनुदानमा विरुवा वितरण गर्नका निमित्त त्यस कार्यालयले स्वीकृत गरेको Technical Specification भएका बिरुवाहरुको जात, सरदर मूल्य र परिमाण विवरण आवश्यक कागजात सहित पेश गरिएको व्यहोरा अनुरोध गर्दछु ।

निवेदक

# उच्च घनत्वको स्याउ बगैचा तथा ओखर बगैचा स्थापना कार्यक्रम

## आर्थिक प्रस्ताव

| क्र.स. | आपूर्ती गरिने बिरुवाको नाम | जात | प्रति एकाइ मूल्य सल्लेरी सम्म ढुवानी सहित रु अङ्कमा | प्रति एकाइ मूल्य सल्लेरी सम्म ढुवानी सहित रु अक्षरमा | आपूर्ती गर्न सकिने परिमाण |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

माथी उल्लेख गरिएको विवरण  कार्यालयले तोके अनुसारको Specification का विरुवा उल्लेखित परिमाण दरमा आपूर्ती गर्न मञ्जुर छु/छौं । फरक परेमा कानुन बमोजिम सहुला बुझाउला ।

आपुर्तिकर्ताको विवरण

फर्म/कम्पनीको नाम :    छापः

प्रोपराइटरको नामः

दस्तखतः    मो. नं.:

सामाग्रीसंग विक्रेताले उपलब्ध गराउन सक्ने थप अन्य सुविधाहरु भए छुट्टै पानामा उल्लेख गरी यसै प्रस्तावसाथ राखि पेश गर्ने।

Phone: 037520711
Mobile: 9852841711
9852828030
Email-pmamp.piu.ok@gmail.com

नेपाल सरकार
कृषि तथा पशुपन्छी बिकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन एकाइ**
**ओखलढुंगा**

पत्र संख्या : २०८१/०८२ ( कार्यक्षेत्र ओखलढुंगा र सोलुखुम्बु )
च.नं :

उच्चघनत्वको स्याउ बिरुवाको प्राविधिक बिशिष्टिकृत विवरण(Technical Specifications )

१. स्याउको जात Golden Delicious,Red Delicious,Gala, Fuji र Red Jonaprince हुनु पर्ने छ । यी जातहरु मध्ये Red Delicious,Gla र Fuji लाई परागसेचनको लागी आबश्यक पर्ने Golden Delicious को जात कम्तीमा १० प्रतिशत हुनु पर्नेछ र Red Jonaprince लाइ परागसेचनको लागी आबश्यक पर्ने Gala को जात कम्तीमा १० प्रतिशत हुनु पर्नेछ ।अन्य उपरोक्त जातहरुको संख्या स्थानिय जिल्लाको माग अनुसार तय गर्न सकिनेछ ।

२. स्याउ कलमी बिरुवाको Rootstock को जात M9 हुनु पर्नेछ ।

३. उपरोक्त Scion र Rootstock का जातहरु Apple High Density Planting को लागी 1m X 3m Spacing मा आधारीत व्यबसायिक स्याउ खेतीको लागी उपयुक्त हुनु पर्नेछ ।

४. उपरोक्त Scion र Rootstock sf Verieties र Strains समेतको Catalogue तथा ति जातहरुको Pest List (Tolerant/Resistant/Susceptible to different Insect and Discases) को बिवरण समेत संलग्न गरेको हुनु पर्नेछ ।

५. बिरुवाको उचाइ १.७ देखी २.२ मिटर सम्मको हुनुपर्नेछ ।

६. प्रत्येक स्याउका कलमी बोट प्रशस्त जरा भएको हुनु पर्नेछ र ति जराहरु पूर्णरुपले माटो रहित र स्वस्थ हुनुपर्नेछ ।

७. अगुवा हाँगा (Leader) सोझो,नभाँचिएको,कोपिसलाहरु पुष्ट भएको र vigorous growth भएको बोट हुनुपर्नेछ ।

८. अगुवा हाँगा (Leader) लाई प्रभाव पार्ने अन्य कुनैपनि हाँगाहरु नभएको हुनुपर्नेछ ।

९. १२ देखी २५ से.मी.लामो कम्तीमा ६ वटा फल्ने हाँगाहरु ( Feather Branches) भएको हुनुपर्नेछ ।

१०.फल्ने हाँगाहरु ( Feather Branches) जमिनको सतहदेखी ६० से.मी.को उचाइ बाट पलाएको हुनुपर्नेछ ।जमिनको सतहबाट ६० से.मी.सम्म एउटा पनि फल्ने हाँगा ( Feather Branch) नभएको हुनुपर्नेछ ।

११.अगुवा हाँगा (Leader) को चारैतिर बाट Regular Intervals मा फल्ने हाँगाहरु ( Feather Branches) आएको हुनु पर्नेछ र फल्ने हाँगाहरु ( Feather Branches) अगुवा हाँगा (Leader) बीचको Crotchh Angel ४५ डिग्री भन्दा कम नभएको हुनुपर्नेछ ।

१२.स्याउका कलमी बीरवाहरु Quarantine Pest Free भएको बिरुवाको स्वास्थ्य जाँचको Phytosanitary Certificate स्याउ बिरुवा ढुवानीको समयमा पेश गर्नुपर्नेछ ।

१३.स्याउका कलमी बिरुवाहरु प्याकिङ्ग गर्दा बेग्ला बेग्लै जातहरु छुट्टिने गरी लेबल राखेर १०-१० वटा बरुवाको Bundle बनाइ प्याकिङ्ग गर्नुपर्नेछ । त्यसरी प्याक गरीएका स्याउका कलमी बिरुवाहरु Refrigerated Container मा ढुवानी गर्नु पर्नेछ र तोकीएको अन्तिम स्थान सम्म नै Refrigerated Container मा नै ढुवानी गरी पुर्याउनु पर्नेछ ।

१४.अन्तिम स्थानमा Refrigerated Container बाट स्याउका कलमी बिरुवाहरु unload गरी सके पछी स्याउ बगैचा स्थपना गर्ने स्थानसम्म स्याउ बिरुवाहरु ढुवानी गर्दा भिजेको स्थानिय झ्याउ र पातलो जुटको बोराले बेरेर राम्ररी स्थानिय झ्याउले प्याकिङ्ग गर्नु पर्नेछ ।स्याउका बिरुवाहरु सुख्ख नदिन झ्याउलाई समय समयमा पानीले भिजाइ चिस्यान कायम गर्नु पर्नेछ।स्याउको भारी बिसाउदा चिसो वा छायाँ परेको ठाउँमा स्याउको भारी बिसाउनु पर्नेछ ।गाडी चल्ने स्थानमा सके सम्म गाडी बाट र अन्य स्थानमा जुनसुकै साधन ( भरिया,खच्चड,आदी) बाट स्याउ बिरुवाहरु ढुवानी गर्दा स्याउ बिरुवाहरुमा कुनै पनि अबस्थामा हानी नोक्सानी नहुने गरी सावधानीपूर्बक ढुवानी गर्नु पर्नेछ ।